नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०८०/०८१ अङ्क-११ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७८ (पूर्णाङ्क २८४)

## सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवं छात्रवृत्ति र सोको व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तहहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ज) आधारभूत र माध्यमिक शिक्षा तर्फ बुँदा नं. १६ मा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धमा व्यवस्था भएकोले सोही बमोजिम स्थानीय तहबाट स्वीकृत कानून (मापदण्ड वा निर्देशिका वा कार्यविधि वा अन्य) समेतका आधारमा सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका विद्यालयमा शुल्क निर्धारण एवं छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउनुहुन ।

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्थालाई सोही बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन ।

३. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भए बमोजिम प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षादेखि बाह्र कक्षा सम्मका पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दस प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह्र प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन ।

४. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ११ र १२ मा उल्लेख भए अनुसार स्थानीय तहका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा छात्रवृत्ति व्यवस्थापन समिति गठन र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार प्रदान गरिने छात्रवृत्ति र विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनोट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्ने गराउने व्यवस्था हुन ।

५. शिक्षा नियमावली, २०५९ को नियम १४७ को उपनियम २ सँग सम्बन्धित अनुसूची २२ को खण्ड (ख) ले तोकेका शुल्क निर्धारणका आधारहरूको प्रयोग गरी नियम १४७ को उपनियम (२), (३), (४) र (५) अनुसार निजी लगानीका (संस्थागत) विद्यालयको शुल्क निर्धारण गर्ने गराउने व्यवस्था हुन ।

६. निजी लगानीका (संस्थागत) विद्यालयहरूले शिक्षा नियमावली २०५९ को नियम १४६ ले तोकेका शीर्षक (मासिक पढाइ, वार्षिक, भर्ना, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाण पत्र, विशेष प्रशिक्षण, आवास, परिवहन र भोजन शुल्क) बाहेक शुल्क लिन नपाइने हुँदा नियम १४६ का साथै संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.१ अनुसार शुल्कको अधिकतम सीमा कायम गरी तोकिए बमोजिम शुल्क निर्धारण गर्ने गराउने व्यवस्था कार्यान्वयन हुन ।

७. विद्यालयहरूले आफ्ना विद्यार्थीहरूलाई विद्यालय परिसरभित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक, स्टेसनरी, पोशाक लगायतका सामग्री खरिद गर्न अनिवार्य गर्ने गरेको जनगुनासो प्राप्त हुन आएकोले यसखालको कार्य अविलम्ब बन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्ने गराउने व्यवस्थाका लागि आवश्यक सहजीकरण हुन ।

८. विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयको शुल्क सम्बन्धी विवरण तथा सोको कार्यान्वयनको अवस्थाबारे स्थानीय स्तरमा सम्बन्धित गाउँ तथा नगरपालिकाबाट र जिल्ला स्तरमा अनुगमनको व्यवस्था हुन ।

९. शुल्क र छात्रवृत्तिको विवरण सम्बन्धित विद्यालय र गाउँ तथा नगरपालिकाबाट वेबसाइट वा अरू माध्यमबाट सार्वजनिक गर्न हुन ।

१०. उल्लिखित विषयलाई विद्यालयको मूल्याङ्कनको आधार बनाउन हुन ।

## विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको नामावली प्रकाशन सम्बन्धमा सम्बद्ध सबै स्थानीय तह तथा सार्वजनिक (सामुदायिक) विद्यालयलाई सूचना

शैक्षिक सत्र २०७९ मा सामुदायिक विद्यालयको कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले भरेको PMT फारामका आधारमा **"विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड २०८०"** अनुसार नतिजा विश्लेषण गरी साविकमा वितरण भए बमोजिम माध्यमिक तह (कक्षा ९-१२) का लागि विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको नतिजा केन्द्रको वेबसाइटमा राखिएको छ । यस सम्बन्धमा तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

१. शैक्षिक सत्र २०७९ मा कक्षा ८ मा फाराम भरी छनोट भएका विद्यार्थीहरू शैक्षिक सत्र २०८० मा नियमित रूपमा कक्षा ९ मा सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका भए सो विवरणको यकिन गरी निजहरूको बैंक खाता खोल्न लगाउने ।

२. शैक्षिक सत्र २०७९ मा कक्षा १० मा फाराम भरी छनोट भएका विद्यार्थीहरूको हकमा देहाय बमोजिमका विद्यार्थीहरूको विवरण यकिन गरी बैंक खाता खोल्न लगाउने ।

(क) **शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्ययन गरिरहेका प्रथम क्वाइन्टाइलमा सूचीकृत भएका सबै छात्रछात्रा,**

(ख) **शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा कक्षा ११ मा विज्ञान विषय वा प्राविधिक धारमा अध्ययन गरिरहेका दोस्रो क्वाइन्टाइलसम्म सूचीकृत भएका सबै छात्रछात्रा,**

(ग) **शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा कक्षा ११ मा विज्ञान विषय वा प्राविधिक धारमा अध्ययन गरिरहेका तेस्रो क्वाइन्टाइलसम्म सूचीकृत भएका सबै छात्रा ।**

३. माथि क्र.सं.१ अनुसार छात्रवृत्ति पाउने विद्यार्थीले कक्षा ९ र १० मा अध्ययन गरे बापत वार्षिक रु. ६/६ हजारका दरले रकम पाउनेछन् । त्यसै गरी क्र.सं. २ को (क) उल्लेख भएका कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीले विज्ञान विषय वा प्राविधिक धारमा अध्ययन गरेको भए वार्षिक चौबीस हजार रुपियाँ र अन्य विषय अध्ययन गरेको भए वार्षिक अठार हजार रुपियाँ पाउनेछन् । क्र.सं.२ को (ख) र (ग) मा अध्ययन गरेको भएमा वार्षिक चौबीस हजार रुपियाँ रकम पाउनेछन् ।

४. कक्षा ९ र ११ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले नियमित अध्ययन गरेको भएमा कक्षा १० र १२ मा स्वतः छात्रवृत्ति पाउनेछन् ।

५. छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था रहेको हुँदा विद्यालय मार्फत छात्रवृत्ति पाउने बालबालिकाको बैंक खाता खोली सोको विवरण अनलाइन EMIS मा अद्यावधिक गर्नु गराउनुहुन ।

६. यसबमोजिम केन्द्रबाट प्रकाशित नतिजा, विद्यार्थीको नामावली स्थानीय तह, वडा र विद्यालयको वेबसाइट, सूचना पाटी लगायत माध्यमबाट प्रकाशित गरी सबैमा जानकारी गराउनुहुन ।

**थप जानकारीका लागि ०१-६६३८८५३**

## विद्यार्थी विवरण पठाउने सम्बन्धी सूचना

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने सामुदायिक माध्यमिक विद्यालयलाई मिति २०८०/११/२५ गतेभित्र प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थी विवरण अनिवार्य रूपमा पठाउन भनी मिति २०८०/११/१ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएकोमा ५३७ वटा प्राविधिक धारका विद्यालयमध्ये हालसम्म जम्मा ५४ वटा विद्यालयबाट मात्र उक्त विवरण प्राप्त भएकोले पठाउन छुटेका विद्यालयले मिति २०८०/१२/२५ गतेभित्र निम्न ढाँचामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इमेल ठेगाना cehrd.ets@gmail.com मा अनिवार्य रूपमा कक्षागत विद्यार्थी विवरण पठाउनहुन पुनः ताकेता गरिएकोछ । माग गरिएको विवरण प्राप्त नभएका कारण विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयमा जाने अनुदान रकमबाट विद्यालय बञ्चित हुन गएमा सोका लागि स्वयं विद्यालय र सम्बन्धित प्रधानाध्यापक नै जबाफदेही हुनुपर्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ । साथै सबै स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइहरूले उक्त कार्यमा समन्वय र सहजीकरण गरिदिनुहुन समेत अनुरोध छ ।

**जिल्ला** **स्थानीय तह**

| IEMIS कोड नं. | विद्यालयको नाम | प्रअको नाम | सम्पर्क नं. | इमेल ठेगाना | कक्षागत विद्यार्थी सङ्ख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ९ | | १० | | ११ | | १२ | | जम्मा छात्र | जम्मा छात्रा | कुल जम्मा |
| | | | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | | | |
| | | | | | | | | | | | | | | | |

**प्र अ को दस्तखत** **विद्यालयको छाप**

**मिति :**

## विद्यालय तहमा शिक्षक पदमा जिल्लान्तर सरुवा रोक्का सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

**श्री स्थानीय तह, ७५३ सबै ।**

**श्री शिक्षा विकास तथा समन्वय एकाइ, ७७ सबै ।**

विद्यालय तहमा हाल रिक्त शिक्षक पदमा शिक्षक सेवा आयोगबाट नियमानुसार पदपूर्तिको प्रक्रिया अगाडि बढिरहेको व्यहोरा सबैमा अवगत नै छ । साथै शिक्षक सरुवालाई थप व्यवस्थित र पारदर्शी बनाउन शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत् यस सम्बन्धी स्पष्ट आधार र प्रक्रिया सहितको मापदण्ड विकासको कार्य भइरहेकोले अर्को व्यवस्था नभए सम्मका लागि शिक्षकहरूको जिल्लान्तर सरुवा नगर्नु नगराउनुहुन यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।१२।०५ को निर्णय अनुसार अनुरोध छ ।

## शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध

**श्री स्थानीय तह, सबै ।**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।**

**श्री विद्यालय, सबै ।**

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान **सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता** भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न विविध कार्यक्रम सहित देहाय बमोजिम गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. सबै स्थानीय तहले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नुहनु र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन ।

२. सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, बालक्लब, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत सङ्घ/संस्था आदिसँग हातेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्नु गराउनुहुन ।

३. २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्नुहुन र दोस्रो हप्तादेखि वैशाख मसान्तसम्म नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्नाको पहल गर्नुहुन ।

४. विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत १५ गतेबाट नै बिक्री वितरण सुरु भइसकेको हुँदा विद्यालयले समयमै पाठ्यपुस्तक खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउनुहुन ।

५. विद्यालयहरूलाई आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल समेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउनुहुन ।

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरूको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउनुहुन ।

७. सामुदायिक सिकाइ केन्द्रहरूलाई विद्यालय बाहिर रहेका बालबालिकाहरूको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भर्ना गर्नका लागि समन्वय र प्रचार-प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउनुहुन ।

८. विद्यालयहरूले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरूप विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन ।

९. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणका लागि स्थानीय तहमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी जिम्मेबारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनुहुन । साथै विद्यालय स्तरमा समेत एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेबारीको व्यवस्था मिलाउनुहुन ।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन विद्यालयले स्थानीय तहमा पेस गर्नुहुन, स्थानीय तहले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गर्नुहुन र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रमको समष्टिगत प्रतिवेदन २०८१ जेठ १५ गतेसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेस गर्नुहुन ।

११. सबै स्थानीय तह तथा सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई पिएमटी फाराम भर्न लगाउनुहुन ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

## अध्ययन तथा अनुसन्धानात्मक कार्यका लागि प्रस्ताव आह्वानको सूचना

**दोस्रो पटक प्रकाशन मितिः २०८०।१२।१६**

यस केन्द्रको चालू आर्थिक वर्ष २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका अध्ययन तथा अनुसन्धानात्मक कार्यका लागि परामर्श सेवा मार्फत गराउनुपर्ने भएकाले इच्छुक सेवा प्रदायकहरूबाट प्रस्ताव आह्वान गरिएको छ ।

| प्रस्ताव नं. | कामको विवरण | जमानत रकम (रु.) |
|---|---|---|
| CDC/०२/२०८०।८१ | एकीकृत पाठ्यक्रम (कक्षा १-३) को प्रभावकारिता मूल्याङ्कन | २५,०००।- |
| CDC/०३/२०८०।८१ | विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको लम्बीय तथा क्षितिजीय तादात्म्यता अध्ययन | ३५,०००।- |
| CDC/०४/२०८०।८१ | विद्यालय तहको साधारण र प्राविधिक तथा व्यावसायिक धारका पाठ्यक्रम तथा पाठ्य सामग्रीको गुणस्तर विश्लेषण | ३५,०००।- |

१) उल्लिखित तीनवटा कार्यका लागि प्रत्येकको छुट्टाछुट्टै प्रस्ताव पेस गर्नुपर्नेछ । प्रस्ताव पेस गर्दा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी रीतपूर्वक पेस गर्नुपर्नेछ ।

२) प्रस्तावसाथ संस्था कम्पनी दर्ता, नवीकरण प्रमाणपत्र, आर्थिक वर्ष २०७९।८० को कर चुक्ता प्रमाणपत्र, कालोसूचीमा नपरेको स्वघोषणा, योग्यता र अनुभव लगायतका कागजात संलग्न राख्नुपर्नेछ ।

३) सेवा प्रदायकहरूले मिति २०८०।१२।३० गते कार्यालय समयभित्र प्रत्येक कार्यका लागि १,०००।- रूपियाँका दरले (फिर्ता नहुने गरी) दस्तुर यस केन्द्रको कार्यालय कोड ३५००२३३०१, कोष तथा लेखा नियन्त्रक कार्यालय कमलविनायक भक्तपुरको नाममा नेपाल बैंक लिमिटेड शाखामा रहेको राजस्व खाता नं. ००१०१००००००००१००१००१ तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गरी प्रस्ताव सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

४) प्रस्तावहरू २०८१।०१।०२ गते १२:०० बजेभित्र पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्ततपुरमा दर्ता गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका वा नियामानुसार रीत नपुगेका प्रस्तावहरू कारबाहीका लागि समावेश गरिनेछैन ।

५) प्राप्त भएका प्रस्तावहरूको प्राविधिक प्रस्ताव २०८१।०१।०२ गते दिउँसो २:०० बजे उपस्थित हुन चाहने प्रस्ताव दाताका प्रतिनिधिहरूको रोहवरमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा खोलिनेछ । प्रस्ताव दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६) प्रस्ताव मूल्याङ्कन गर्दा कामको विवरणअनुसार छुट्टाछुट्टै मूल्याङ्कन गरिनेछ । आर्थिक प्रस्ताव खोल्ने सूचना प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात् दिइने छ । प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिएको दिनदेखि गणना भई ४५ दिनको हुनेछ ।

७) प्रस्तावको साथमा उल्लिखित कार्यहरूका लागि सूचनामा उल्लेख भए बराबरको जमानत रकम यस केन्द्रको कार्यालय कोडः 350023301, कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको नाममा नेपाल बैंक लिमिटेड, कमल विनायकमा रहेको धरौटी खाता, खाता नम्बर ०१९०१०००००२००३००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस केन्द्रको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (प्रस्ताव खोल्ने मितिदेखि ७५ दिन) भएको बैंक जमानत पेस गर्नुपर्नेछ ।

८) यदि प्रस्ताव खरिद गर्ने, पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साबिककै मितिदेखि गणना गरिनेछ ।

९) मिति २०८०।११।२३ मा प्रकाशित सूचना बमोजिम प्रस्ताव पेस गरेका प्रस्ताव दाताहरूले यस सूचना बमोजिमको प्रस्तावका लागि फाराम शुल्क र जमानत रकम जम्मा गर्नुपर्ने छैन । आफ्नो कम्पनी/फर्म तथा संस्था दर्ता, नवीकरण र कर चुक्ता सम्बन्धी कागजातको प्रतिलिपि सहित निवेदन पेस गरी प्रस्ताव सम्बन्धी कागजात प्राप्त गर्न सक्नेछन् ।

१०) कुनै वा सबै प्रस्ताव पूरै वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ ।

११) परामर्श सेवा सम्बन्धी प्रक्रिया, समन्वय, कार्य क्षेत्रगत सर्तहरू, लागू हुने मिति लगायत अन्य आवश्यक व्यवस्था र सर्त प्रस्ताव सम्बन्धी कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१२) उल्लिखित कार्य क्षेत्रगत सर्त र कार्य सम्बन्धी थप जानकारीका लागि यस केन्द्र वा फोन नं. ०१६६३४९१६ मा सम्पर्क राख्न सकिने छ ।